# मादी गाउँपालिका
# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ संख्या १० असार १८ गते, २०७५ साल


## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७५ सालको कार्यविधि नं. १०

## पेशा व्यवसाय दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित पेशा व्यवसाय दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि २०७५ गाउँसभा द्धारा स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “मादी गाउँपालिकाको

मादी गाउँपालिका कास्की

पेशा व्यवसाय दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२. **परिभाषा :** विषय वा प्रसँगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" मादी गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले मादी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले मादी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ बमोजिमको यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गठित गाउँसभा सम्झनु पर्छ ।

(झ) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ ।

(ञ) "वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ड) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ढ) "सरकारी संस्था" भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानीय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ण) "गैह्रसरकारी संस्था" भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समूह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगायतका विभिन्न व्यवसायिक संस्था आदीलाई जनाउदछ ।

(त) "नाफामूलक पेशा व्यवसाय" भन्नाले होटल, रेष्टुरेण्ट, होमस्टे, व्यवसायिक पशुपन्छी फर्म, व्यवसायिक कृषि फर्म, व्यवसायिक फलफूल तरकारी, व्यवसायिक खाद्यान्न, व्यावसायिक नगदेबाली, विभिन्न परामर्श सेवा दिने कन्सल्टेन्सी, निर्माण व्यवसायी, निर्माण उपकरण, आदिलाई बुझिन्छ ।

(थ) "गैह्र नाफामूलक पेशा व्यवसाय" भन्नाले सङ्गठित तथा एकीकृत रूपमा समूहमा समूहीकृत हुने युवा क्लव, आमा समूह, उपभोक्ता समिति, महिला समूह, वाल क्लव, विभिन्न संजालहरू जुन विशुद्ध सामाजिक भावनाले स्थापना र सञ्चालन हुन्छन्, नाफालाई जोड नदिने सामूहिक हितलाई जोड दिनेलाई बुझिन्छ ।

मादी गाउँपालिका, कास्की

(द) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको सङ्घ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउंछ ।

३. **संस्था दर्ता :** (१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता ऐन, २०३४ अनुसार जिम्मेवार अधिकारी समक्ष निवेदन दिनु पर्ने छ :–

क. संस्थाको नाम,

ख. उद्देश्यहरू,

ग. प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा,

घ. आर्थिक श्रोत,

ङ. कार्यालयको ठेगाना,

च. संस्थाको विधान

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आबश्यक जांचबुंझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिए तापनि गाउँपालिका भित्र सञ्चालन हुने निजी होटल, होम स्टे, किराना पसल, कपडा पसल, अन्य निजी व्यवसाय, कृषि फर्म, पशु फर्म, लगायत स्थानीय स्तरका निजी प्रयासका व्यवसायिक पेशा व्यवसाय फर्महरू यस कार्यविधिको अधीनमा रहि गाउँपालिकाले दर्ता गर्न सक्नेछ ।

४. **संस्था सूचीकृत भन्नाले :** (१) संस्था दर्ता ऐन २०३४ अनुसार सम्बन्धित निकायमा दर्ता भएका संस्था गाउँपालिकाको तर्फवाट गरिने अभिलेखांकनलाई जनाउदछ ।

५. **संस्था सूचीकृत गर्दा आवश्यक पर्ने कागजात।**

क. जिम्मेवार अधिकारी समक्ष निवेदन,

ख. संस्थाको नाम,

ग. उद्देश्यहरू तथा विद्यान

घ. प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा,

ङ. आर्थिक श्रोत,

च. कार्यालयको ठेगाना र रहने स्थानको लालपर्जा प्रतिलिपि तथा भाडामा भए

भाडा सम्झौता ।

छ. निजी व्यवसायिक संस्था भए संचालकको फोटो

ज. संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि

(२) उपदफा (१) मा उल्लेखित कागजात सहित निबेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आव्श्यक जाँचबुँझ गरी संस्था सूचीकृत गर्न उचित ठानेमा संस्था सूचीकृत गरी प्रमाण-पत्र दिनेछ । तर यस दफामा जुन सुकै कुरा लेखिएको भएतापनि दफा ३ को उपदफा (३) बमोजिमका प्रावधान अर्न्तगतका संस्था दर्ता गर्नलाई बाधा पर्ने छैन ।

६. **संस्था सूचीकृत गर्ने अधिकारी भन्नाले :** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिलाई बुझिन्छ ।

७. **कार्यविधि लागु :** १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ ।

८. **कार्यविधिमा परिर्माजन तथा शंशोधन :** यस कार्यविधिको कार्यन्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ ।

९. **दर्ता भएको मानिने :** (१) यस कार्यविधि बन्नु अगाडि गाउँपालिका वा वडा कार्यालयबाट गाउँपालिकाको निर्णय अनुसार दर्ता भएका तथा सूचीकृत भएको नाफामूलक र गैह्र नाफामूलक संस्थाहरू यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

१०. **खारेजी :** यस कार्यविधिका कुनै दफा, उपदफा, लगायत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुनसँग बाझिएमा वा बाझिएको हद सम्म अमान्य वा खारेज हुने छ ।

आज्ञाले,
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत